
का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ भदौ २०८२
शनिबार
23 August 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २०२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# साथ नपाएपछि ओलीकै समीक्षा गर्दै विद्या



पार्टीले सदस्यता नवीकरणमा रोक लगाएपछि नेतृत्वप्रति आक्रोशित बनेकी विद्यादेवी भण्डारीले नयाँ बानेश्वरस्थित थापागाउँमा सम्पर्क कार्यालय खोलेर ओलीलाई चुनौती दिएकी छन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ भदौ

पूर्वराष्ट्रपतिबाट एमालेको कार्यकर्ता बन्न सडकमा ओर्लिएकी विद्यादेवी भण्डारीले आगामी राजनीतिमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको सामिप्यता खोजेकी थिइन् । पार्टी कमिटीका विभिन्न जिम्मेवारी हुँदै दुई कार्यकाल राष्ट्रपतिका रूपमा बिताउँदासम्म ओलीको विश्वास पात्रका रूपमा रहेकी भण्डारीले पार्टी राजनीतिमासमेत ओलीको आशीर्वाद पाउने आशा गरेकी थिइन् ।

तर आशा गरेकै व्यक्तिबाट पार्टी सदस्यतासमेत खोसिएपछि भण्डारी भ्रूस्किन पुगिन् । २०८१ साल वैशाखमा पार्टीको संगठित सदस्यता नवीकरण गरे पनि उनी यतिबेला वैधानिक हिसाबले एमाले सदस्य छैनन् । पार्टी नेतृत्वको दाबीसहित राजनीतिमा सक्रियता बढाएकी भण्डारीको पार्टी सदस्यता एमालेको गत साउन ५-६ गते बसेको पोलिटब्युरो र केन्द्रीय कमिटी बैठकले स्थगन गर्ने निर्णय गरेको थियो । यद्यपि विद्याले आफू एमालेको संगठित सदस्यता कायमै रहेको दाबी छाडेकी छैनन् ।

पार्टीले सदस्यता नवीकरणमा रोक लगाएपछि नेतृत्वप्रति आक्रोशित बनेकी भण्डारीले बिहीबार नयाँ बानेश्वर स्थित थापागाउँमा सम्पर्क कार्यालय खोलेर ओलीलाई चुनौती दिएकी छन् । बिहीबार आफू निरन्तर नेकपा एमालेको कार्यकर्ता भएर संघर्षरत रहने बताइन् । मदन भण्डारी फाउन्डेसनको हीरक जयन्ती आयोजक समितिको नाममा सम्पर्क कार्यालय खोलेर राजनीति गतिविधि अघि बढाउन थालेकी उनले एमाले मुख्यालय च्यासलले सदस्यतासम्बन्धी उठाएको प्रश्नको जवाफसमेत दिएकी थिइन् । 'मैले २०३७ सालमै मालेको सदस्य लिएँ, एमालेको सदस्यता लिएको नै ३५ वर्ष भयो ।

»» पृष्ठ २ मा

# उडानविहीन चौरजहारी विमानस्थल



चौरजहारी विमानस्थल कालोपत्रे भएपछि नियमित उडान हुने स्थानीयको अपेक्षा थियो । तर झन् उडान कम भएर सुनसानको अवस्थामा पुगेको छ ।



राज्यको ठूलो लगानी खेर गएको छ, सर्वसाधारण हवाई सेवाबाट वञ्चित हुनुपरेको छ ।

**पुष्प वादी**
प्रमुख
चौरजहारी नगरपालिका

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ भदौ

एक समय निकै व्यस्त चौरजहारी विमानस्थल हाल सुनसान छ । धावनमार्गमा यात्रुहरूका पाइला छैनन्, बरु झाडी र बुट्यान फैलिएका छन् । पाँच दशकदेखि कच्ची धावनमार्गमै नियमित जहाज उड्थे । तर अहिले त्यही विमानस्थल 'कालोपत्रे भएपछि' झन् सुनसान बन्न पुगेको छ ।

स्थानीय प्रेम विक विगत सम्झँदै भन्छन्, 'पहिले जहाजको आवाज आउनासाथ गाउँभरि बालबालिकादेखि बुढाबुढीसम्म आकाशतिर हेर्थे । कस्तो चहलपहल हुन्थ्यो, हप्तामा जहाज आउँथ्यो, गाउँभरि खुसी छाइन्थ्यो । तर विमानस्थल कालोपत्रे भएपछि एउटा पनि जहाज नआएको उनी बताउँछन् ।

यस्तै, अर्का स्थानीय कमला नेपाली भन्छिन्, 'जहाज भएको समयमा यहाँ व्यापार व्यवसाय निकै चल्थे तर अहिले त यहाँ व्यवसाय पनि शून्य छ,' उनले थपिन्, 'जहाज भए त पर्यटक आउँथे, होटेल र पसल चल्थे, अहिले त सबै बन्दजस्तै छन् ।'

यस्तै, जाजरकोट भेरी नगरपालिकाका स्थानीय नवीन रोकाया चौरजहारी विमानस्थलमा जहाज आउँदा गाउँभरिका मानिस हेर्न आउने गरेको विगत सम्झिन्छन् । 'जहाज आउँदा काम गरिरहेको अवस्थामा हामी गाउँभरिकै मान्छे काम छोडेर भए पनि पारी जहाज हेर्थ्यौं ।' उनले भने, 'तर के गर्नु जहाज आउनै छोड्यो ।' उनले चौरजहारीमा अब 'जहाज आउँछ

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ३५ देशसँग द्विपक्षीय श्रम सम्झौता गर्ने योजना : श्रममन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपालले ३५ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने योजना बनाएको बताएका छन् ।

प्रतिनिधि सभा बैठकमा नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्ती मगरले आन्तरिक रोजगारीमा वृद्धि र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने विषयमा राखेको प्रश्नको जवाफमा मन्त्री भण्डारीले उक्त जानकारी दिएका हुन् ।

मन्त्री भण्डारीले श्रम गन्तव्य मुलुकसँग गरिने सबै द्विपक्षीय श्रम सम्झौतामा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले स्थापित गरेका मापदण्डअनुसार गरिने बताए ।

मन्त्री भण्डारीले तत्कालै खाडी मुलुकको प्रमुख गन्तव्य मुलुक साउदी अरेबियासँग श्रम सम्झौता गर्ने तयारी रहेको र त्यसको मस्यौदामा मन्त्रिपरिषद्मा छलफल भइरहेको जानकारी दिए ।

उनले कतिपय मुलुकमा श्रमिकको न्यूनतम तलब तोक्ने अभ्यास नरहेको अवस्थाले समस्या रहेपनि नेपालले न्यूनतम तलब तोक्ने अभ्यास सुरु गरेको जानकारी दिए । उनले भने, 'यूएईका लागि अदक्ष कामदारको न्यूनतम तलब आठ सय दिराम र खानाबापत चार सय दिराम रहेछ, त्यसलाई बढाएर न्यूनतम तलब एक हजार दिराम र खानाबापत चार सय गरी १४ सय बनाएका छौं ।'

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने १८ लाख ३५ हजारभन्दा बढी श्रमिकलाई सामाजिक सुरक्षा कोषमा दर्ता गरेर उनीहरू सुरक्षित गरिएको भन्दै वैदेशिक रोजगारमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने स्किम ल्याउने देश नेपाल मात्रै रहेको बताए ।

मन्त्री भण्डारीले सीप नभएको कामदार वैदेशिक रोजगारमा जान हुँदैन भन्ने मान्यतामा रहेको भन्दै भैंसेपाटीस्थित तालिम केन्द्रलाई ऐनमार्फत नै प्रतिष्ठानको हैसियतमा विकास गरेको बताए ।

मन्त्री भण्डारी वैदेशिक तथा आन्तरिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने लक्ष्यअनुसार हालसम्म ६ लाखभन्दा बढीलाई आबद्ध गरिएको जानकारी दिए । उनले भने, 'हालसम्म २१ हजार ३ सय ९२ औपचारिक रोजगारदाता र ६ लाख १३ हजार ७ सय १८ जना श्रमिक कोषमा सहभागी छन् ।'

मन्त्री भण्डारीले प्रदेश र स्थानीय तहसँग संविधानको मर्मअनुसार संघीय संरचनामा श्रम-रोजगार सेवा एकीकृत गर्ने गृहकार्य भइरहेको भन्दै मन्त्रालयले सञ्चालनमा ल्याएको श्रम संसार एप्सले रोजगारदाता र कामदार दुवैलाई

»» पृष्ठ २ मा

## बेलायत पठाउने भन्दै झन्डै आधा करोड ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि आकर्षक तलबको प्रलोभनमा पारेर बेलायत पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इडियु सर्च नेपाल बानेश्वरका सञ्चालक ललितपुर महालक्ष्मी नगरपालिका-२ बस्ने कास्की पोखरा महानगरपालिका-१४ घर भएका २९ वर्षीय बसन्त कार्की रहेको प्रहरीले जनाएको छ ।

बसन्तले बेलायत पठाइदिन्छु भन्दै आठ जना पीडितबाट ४३ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।







मध्यान्ह
www.madhyanhadaily.com
७ भदौ २०८२ शनिबार
23 August 2025 Saturday

# ‘भैरहवा विमानस्थल नियमित सञ्चालन गर्न प्रधानमन्त्रीको भारत भ्रमणमा छलफल हुनेछ’



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित सञ्चालन गर्न आवश्यक रुटका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणका क्रममा छलफल हुने बताएका छन् ।

शुक्रबार राष्ट्रिय सभाको बैठकमा सांसद मायाप्रसाद शर्माले उठाएको जिज्ञासाको जवाफ दिँदै मन्त्री पाण्डेले भैरहवा विमानस्थललाई सञ्चालन गर्न रुट प्राप्त गर्नु जरुरी रहेको बताए । उनले प्रधानमन्त्रीको भ्रमणमा यस विषयलाई प्राथमिकताका साथ उठाउने र रुटका बारेमा स्पष्ट हुने गरी वार्ता गर्ने जानकारी दिए ।

उनका अनुसार भैरहवा र पोखरा विमानस्थललाई चलायमान बनाउन सरकारले मन्त्रीपरिषद् मार्फत विस्तृत कार्ययोजना पारित गरिसकेको छ ।

सो कार्ययोजनाअनुसार दुवै विमानस्थलमा भिसा सेन्टर, अध्यागमन कार्यालय, श्रम कार्यालय, क्वारेन्टाइन तथा स्वास्थ्य परीक्षणका सुविधा उपलब्ध गराइनेछ । साथै, विमानस्थललाई आकर्षक बनाउन म्यानपावर कम्पनीलाई प्रोत्साहन, फ्युलमा छुट, टिकटमा दुई वर्षका लागि मूल्य अभिवृद्धि कर (भ्याट) मा छुटलगायतका सहुलियतसमेत प्रदान गरिने व्यवस्था गरिएको उनले स्पष्ट पारे ।

मन्त्री पाण्डेले भैरहवा र पोखरा विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरमा सुचारु गर्न नेपालले आवश्यक एयर रुट पाउनुपर्नेमा जोड दिए । अहिले सीमित रूपमा मात्र रुट उपलब्ध भएकाले भारत भ्रमणमा यस विषयलाई महत्वका साथ प्रस्तुत गरिने उनको भनाइ थियो ।

उनले भने, ‘प्रधानमन्त्रीज्यूको भारत भ्रमणको पूर्वसन्ध्यामा हामीले प्राप्त गर्नुपर्ने रुटका विषयमा छलफल हुनेछ । यसरी आवागमनका लागि रुटहरु आवश्यक हुन्छन् । यो विषयलाई महत्वका साथ उठाउँदै स्पष्ट बनाउने काम हुन्छ ।’

मन्त्री पाण्डेले भैरहवा विमानस्थललाई संसारभरका बौद्ध धर्मावलम्बीका लागि प्रत्यक्ष गन्तव्य बनाउने योजनामा सरकार अघि बढिरहेको बताए । उनका अनुसार यात्रुहरू काठमाडौं नआइकनै भैरहवामा अवतरण गरी सिधैं लुम्बिनी क्षेत्र भ्रमण गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

# संसदले बनाउने कानुनले नै संघीयताको मर्म र भावनालाई मूर्तरूप दिन्छ : सभामुख घिमिरे



**काठमाडौं/मस-** सभामुख देवराज घिमिरेले संघीयताको मर्म र भावनालाई संसदले बनाउने कानुनमार्फत मूर्त रुप दिनुपर्ने बताएका छन् ।

शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रदेश र स्थानीय तहका अधिकारीलाई सबलीकरण गर्ने, तीन तहबीचको सम्बन्धलाई सुदृढ र प्रभावकारी बनाउने तथा वित्तीय स्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने कानुनी खाका तयार पार्नु संसदको प्रमुख दायित्व रहेको स्पष्ट पारे । उनका अनुसार संघीयताको कार्यान्वयन निरन्तर चलिरहने गतिशील प्रक्रिया हो र यसलाई सफल बनाउन सबै तह मिलेर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

सभामुख घिमिरेले प्रशासनिक संघीयतामा अझै केही केन्द्रिकृत मानसिकता विद्यमान रहेको उल्लेख गर्दै तीन तहबीचको समन्वयमा देखिने अस्पष्टता, वित्तीय स्रोतको दिगो व्यवस्थापन, वितरण र उपयोगमा समस्या, कर्मचारी समायोजनका जटिलता जस्ता चुनौतीहरूलाई समाधान गर्नुपर्ने बताए ।

उनले भने,‘संघीय संसदले बनाउने कानुनले नै संघीयताको मर्म र भावनालाई मूर्त रुप दिने हो। संघीयताको कार्यान्वयन निरन्तर चलिरहने गतिशील प्रक्रिया हो । यसका चुनौतिहरूलाई अवसरमा परिणत गर्न सक्नुपर्छ ।’

सभामुख घिमिरेले संविधान र संघीयताको कार्यान्वयन गर्ने काममा आफूले सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले संविधानको समीक्षा गर्ने बेला आएको उल्लेख गर्दै त्यसलाई थप प्रभावकारी बनाउन सबै पक्ष एकताबद्ध हुनुपर्ने धारणा राखे ।

# नागरिकप्रति समर्पित भई खटिन सशस्त्र प्रहरी महानिरीक्षक अर्यालको निर्देशन



**काठमाडौं/मस-** सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नागरिकप्रति समर्पित भइ कार्य गर्न सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरको आठौं वार्षिकोत्सवलाई शुक्रबार सम्बोधन गर्दै उनले सामूहिक भावनाका साथ त्रुटीरहित ढंगबाट कार्यसम्पादन गर्न निर्देशन दिए । विपद् उद्धारको कार्यमा बाहिनी तथा मातहत कार्यालयले पुर्याएको योगदान सराहनीय रहेको उल्लेख गर्दै महानिरीक्षक अर्यालले संगठनले गठन गरेको सामुदायिक स्वयंसेवक समूहको सक्रियताबाट विपद् उद्धारमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गरेका सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले सीमा सुरक्षादेखि सामाजिक दायित्वलगायत क्षेत्रमा सशस्त्र प्रहरीले गरेको योगदान सरहानीय रहेको बताए । चितवनको कालिका नगरपालिका प्रमुख विनोद रेग्मीले नागरिकलाई अप्ठ्यारो परेको बेला सशस्त्र प्रहरीको भूमिका अतिमहत्वपूर्ण रहेको उल्लेख गरे ।

सो अवसरमा महानिरीक्षक अर्यालले वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, बाहिनीलाई सहयोग पुर्याउने विभिन्न संघसंस्था तथा महानुभाव र अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कार, कदरपत्र तथा प्रशंसापत्र प्रदान गरे ।

# अलैंचीको निर्यात दोब्बरले बढ्यो



**झापा/मस-**मेची भन्सार कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा अलैंची निर्यात ९९ दशमलव ५० प्रतिशतले बढेको छ । कार्यालयको तथ्यांक अनुसार गत साउन महिनामा रु ३२ करोड १७ लाख ६१ हजार बराबरको अलैंची निर्यात भएको हो ।

गत एक महिनाको अवधिमा २१६ दशमलव १५ मेट्रिक टन अलैंची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए । अघिल्लो आव २०८१/८२ मा रु १६ करोड १२ लाख ५२ हजार बराबरको अलैंची निर्यात भएको उनले बताए ।

कार्यालयको तथ्यांकअनुसार चालू आवको साउन महिनामा चिया निर्यात २६ दशमलव ८० प्रतिशतले घटेको छ । सो अवधिमा ३७ करोड ४८ लाख २४ हजार बराबरको चिया निर्यात भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा रु ५१ करोड २२ लाख ७८ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए । कार्यालयको तथ्यांक अनुसार निर्यात हुने मुख्य वस्तुहरुमा भेनियर सिट ३० दशमलव ४० प्रतिशत, छुर्पी ९२ प्रतिशत, धातुका अन्य अवशेष शत् प्रतिशत, काउली, ब्रोकाउली र बन्दाकोपी ८९ प्रतिशतले वृद्धि भएको छ ।

यसैगरी, प्लाइउड ५४ दशमलव १० प्रतिशत, अदुवा ५७ दशमलव ४० प्रतिशत, अम्रिसो शून्य दशमदव ६० प्रतिशतले निर्यातमा कमी आएको छ । मेची भन्सारबाट आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा रु तीन अर्ब ६९ करोड ४० लाख २३ हजारको मालवस्तु निर्यात भएको छ ।

# नवप्रवर्तन तथा उद्यमशीलता महोत्सव सम्पन्न




**इटहरी/मस-**इटहरीमा नवप्रवर्तन र उद्यमशीलता महोत्सव ‘आइआइसी इनोभेक्स ३.०’ सम्पन्न भएको छ । भदौ ४ गतेदेखि ६ गतेसम्म इटहरी इन्टरनेशनल कलेजमा सञ्चालन भएको महोत्सवमा देशभरका १६ वटा कलेजका विद्यार्थीले सहभागिता जनाएका थिए ।

महोत्सवले सिर्जनात्मकता, प्रतिस्पर्धा र प्रेरणाको नयाँ उचाइ कायम गर्दै विद्यार्थीलाई शैक्षिक ज्ञानलाई व्यवहारिक जगतसँग जोड्ने अवसर दिएको आयोजकले जनाएको छ । ‘फाइनान्सियल फीट’, ‘लिगल सिम्पोजियम’, ‘मार्केटिङ माभेन’ र ‘सिइओ क्रोनिकल्स’ जस्ता कार्यक्रममार्फत विद्यार्थीहरूले वास्तविक समस्यामा आधारित समाधान प्रस्तुत गरेका थिए, जसले निर्णायक, उद्योग विज्ञ र दर्शकलाई प्रभावित पारेको थियो ।

प्रतिस्पर्धाको अन्तिम दिन उत्कट प्रस्तुतिपछि विराटनगर इन्टरनेशनल कलेज विजेता बनेको छ । एसीइ इन्स्टिच्युट अफ म्यानेजमेन्ट पहिलो रनरअप र हेराल्ड कलेज काठमाडौं दोस्रो रनरअप बनेको छ ।

विजेताहरुलाई कलेजका प्रमुख कार्यकारी अधिकृत सत्यव्रत कोइराला, कार्यक्रम लिडर अच्युतराज भट्टराई तथा पदाधिकारीहरूले नगद पुरस्कार र ट्रफी प्रदान गरेका थिए । समूहगत तथा व्यक्तिगत प्रस्तुतीमार्फत आएका मौलिक विचारहरूले कार्यक्रमलाई अझ रोचक बनाएको थियो ।

# नवप्रवर्तन तथा उद्यमशीलता महोत्सव सम्पन्न

**इटहरी/मस-**इटहरीमा नवप्रवर्तन र उद्यमशीलता महोत्सव ‘आइआइसी इनोभेक्स ३.० ’ सम्पन्न भएको छ । भदौ ४ गतेदेखि ६ गतेसम्म इटहरी इन्टरनेशनल कलेजमा सञ्चालन भएको महोत्सवमा देशभरका १६ वटा कलेजका विद्यार्थीले सहभागिता जनाएका थिए ।

महोत्सवले सिर्जनात्मकता, प्रतिस्पर्धा र प्रेरणाको नयाँ उचाइ कायम गर्दै विद्यार्थीलाई शैक्षिक ज्ञानलाई व्यवहारिक जगतसँग जोड्ने अवसर दिएको आयोजकले जनाएको छ ।

‘फाइनान्सियल फीट’, ‘लिगल सिम्पोजियम’, ‘मार्केटिङ माभेन’ र ‘सिइओ क्रोनिकल्स’ जस्ता कार्यक्रममार्फत विद्यार्थीहरूले वास्तविक समस्यामा आधारित समाधान प्रस्तुत गरेका थिए, जसले निर्णायक, उद्योग विज्ञ र दर्शकलाई प्रभावित पारेको थियो ।

प्रतिस्पर्धाको अन्तिम दिन उत्कट प्रस्तुतिपछि विराटनगर इन्टरनेशनल कलेज विजेता बनेको छ । एसीइ इन्स्टिच्युट अफ म्यानेजमेन्ट पहिलो रनरअप र हेराल्ड कलेज काठमाडौं दोस्रो रनरअप बनेको छ ।

विजेताहरुलाई कलेजका प्रमुख कार्यकारी अधिकृत सत्यव्रत कोइराला, कार्यक्रम लिडर अच्युतराज भट्टराई तथा पदाधिकारीहरूले नगद पुरस्कार र ट्रफी प्रदान गरेका थिए ।

# डेंगु संक्रमण बढ्दै




**काठमाडौं/मस-**डेंगुको संक्रमण ७४ जिल्लामा फैलिएको छ । पानी पर्न थालेपछि डेंगु संक्रमण पनि बढ्न थालेको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा.गोकर्णप्रसाद दाहालका अनुसार तीन हजार २४७ जनामा डेंगु संक्रमण देखिएको छ । पछिल्लो एक हप्तामा २११ जनामा डेंगु संक्रमण देखिएको छ । यसैगरी, डेंगु संक्रमणबाट दुई जनाको निधन भएको छ ।

कोशी प्रदेशमा ५६८, मधेश प्रदेशमा ६२, बाग्मती प्रदेशमा ६७५, गण्डकी प्रदेशमा ९१४, लुम्बिनी प्रदेशमा ५५१, कर्णाली प्रदेशमा ९३ र सुदूरपश्चिम प्रदेशमा ३८४ जनामा डेंगु संक्रमण देखिएको प्रमुख डा.दाहालले जानकारी दिए ।

पानी पर्ने क्रम जारी रहेकाले सर्वसाधारणलाई सतर्कता अपनाउन समेत उनले आग्रह गरे ।

पानी जम्ने सफा ठाउँमा ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि त्यसले टोकेपछि डेंगु रोग लाग्दछ । डेंगु रोकथामका लागि सरकारले प्रत्येक शुक्रबार लामखुट्टे खोज र नष्ट अभियान सञ्चालन गरेको छ ।

सन् २०२४ मा डेंगु संक्रमण ७६ जिल्लामा फैलिएको थियो भने यसबाट १५ जनाको मृत्यु हुनुका साथै ४१ हजार ८६५ जना संक्रमित भएका थिए ।

### ‘वाक एन्ड एक्ट’मेगा अभियान

काठमाडौं महानगरपालिकाले डेंगी रोगको रोकथाम र नियन्त्रणका लागि एकदिने ‘वाक एन्ड एक्ट’ मेगा अभियान सफलतापूर्वक सम्पन्न गरेको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले साउन महिनालाई डेंगी रोग सचेतना महिनाको रूपमा मनाउने निर्णयअनुसार गत महिना नियमित अभियान सञ्चालन गरिएको थियो। तथापि, डेंगी रोगको प्रकोप बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै महानगरपालिकाले हरेक शुक्रबार लामखुट्टेको बासस्थान खोजी र नष्ट गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ ।

राष्ट्रिय सभा गृहबाट सुरु भएको यो अभियानमा महानगरका सबै वडाहरूमा एकसाथ लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने, माइकिङमार्फत जनचेतना फैलाउने, र्यालीको क्रममा भेटिएका लामखुट्टेका प्रजननस्थलमा रहेका अण्डा र लार्भा नष्ट गर्ने, साथै आमनागरिकलाई सचेत गराउने कार्य गरिएको छ । अभियानमा महानगरका विभागीय प्रमुखहरू, स्वास्थ्य विभागका कर्मचारी, जनप्रतिनिधि, स्थानीयवासी र विभिन्न सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो ।

स्वास्थ्य विभागका प्रमुख दीपक कुमार के.सी.ले अभियानको महत्वबारे बोल्दै भने, ‘डेंगी रोग नियन्त्रणका लागि सामुदायिक सहभागिता र सचेतना अत्यन्त महत्त्वपूर्ण छ। हामीले लामखुट्टेको बासस्थान नष्ट गर्न र आमनागरिकलाई सचेत गराउन यो मेगा अभियान आयोजना गरेका हौं । सबैको साथ र सहयोगले डेंगी नियन्त्रणमा ठूलो सफलता प्राप्त गर्न सकिन्छ ।’

यो अभियानले काठमाडौं महानगरवासीलाई आफ्नो घर, आँगन र वरपरको वातावरण सफा राख्न, पानी जम्ने ठाउँहरू हटाउन र लामखुट्टेको टोकाइबाट बच्न सावधानी अपनाउन प्रेरित गरेको छ । महानगरपालिकाले आगामी दिनमा पनि यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ। साथै, महानगरवासी, सरकारी तथा निजी कार्यालय, अस्पताल, नर्सिङ होम, विद्यालयलगायत सबै क्षेत्रलाई आफ्नो वरपरको स्थान सफा राख्न आग्रह गरेको छ ।

यस अभियानलाई प्रभावकारी बनाउन महानगरका वडाहरूमा रहेका प्रवर्द्धन केन्द्रहरूसँगको सहकार्यमा यस्ता सरसफाइ र सचेतनामूलक कार्यक्रममा सहयोग गर्न महानगर तयार रहेको जानकारी गराइएको छ ।

### साथ...

म अझै पनि एमालेकै कार्यकर्ता हुँ,’ उनले भनिन । राष्ट्रपति रहँदा देशले गौरव गर्नेगरी भूमिका निर्वाह गरेको दाबी गर्दै उनले आफू आलोचनाबाहिर नरहेको बताइन् । ‘जनताको बहुदलीय जनवादको मर्मअनुसार एमालेले काम गर्न सक्यो कि सकेन भन्ने अब समीक्षा हुनुपर्छ,’ उनले भनिन् । पार्टी राजनीतिमा ओलीको पूर्ण असहयोग भएपछि रन्थनिएकी विद्याले निरन्तर पार्टीका नेताकार्यकर्तासँग संवाद गरिरहेकी छन् । २०५० सालदेखि निरन्तर सरकारमा सहभागी हुँदै आएको एमालेले पार्टीको नीति र जनअपेक्षाअनुसार काम गर्न सके-नसकेको आत्ममूल्यांकन र समीक्षा गर्नुपर्ने उनको दाबी छ । एमालेको आगामी महाधिवेशनमा पार्टी नेतृत्वको विकल्पसहित राजनीतिमा हाम फालेकी भण्डारीले अवको विकल्पबारे के सोचेकी छन् ? भन्ने अझै प्रस्ट छैन । यद्यपि उनले एमालेभित्रै अन्तरसंघर्ष चलाउने बताएकी छन् । ‘पार्टीभित्रका विकृति र विसंगतिविरुद्ध म निरन्तर लडिरहन्छु,’ नेपालमा चन्द्रसूर्य रहुन्जेल म सक्रिय रहन्छु,’ भण्डारीले भनेकी छन् । उनको यो तहको अभिव्यक्तिले ओलीलाई चुनौतीपूर्ण सन्देश दिन खोजे पनि पार्टी सदस्यता नै नभएको व्यक्तिले पार्टीभित्रै अर्को समूहलाई सक्रिय बनाएर वर्तमान नेतृत्वप्रति चुनौती दिने कुरा सहज नदेखिएको विश्लेषक बताउँछन् ।

एमालेमा समानान्तर गतिविधि बढाउनेगरी सम्पर्क कार्यालय खालेसँगै प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओली उनीप्रति थप आक्रोशित बनेका छन् । भण्डारीले झुक्याएर पार्टी सदस्यता नवीकरण गर्न खोजेको जिकिर गर्दै उनको पार्टी सदस्यता कायम हुन नहुनेबारे एमाले केन्द्रीय कमिटीको साउन ५-६ गतेको निर्णयबारे ओलीले स्पष्ट हुन आग्रह गरे । ‘अहिले पूर्वराष्ट्रपतिको सदस्यता खोसिएको भन्ने आरोपका कुरा आएका छन्,’ उनले भने, ‘खासमा उहाँले राष्ट्रपति भएपछि पार्टी सदस्य त्याग्नुभएको हो । हुँदै नभएको सदस्यता कर्मचारीलाई झुक्याएर रसिद काट्दैमा कायम हुँदैन ।’ पूर्वराष्ट्रपतिले बाहिर बोल्दै हिँडे पनि पार्टीमा सदस्यता नवीकरणका लागि निवेदन नदिएको उनको जिकिर छ । पार्टीमा असन्तुष्ट र जनसंगठनमा हारेकालाई बोकेर हिँडेको भन्दै ओली थप आक्रोशित बनेका छन् । उनले नवौं महाधिवेशनमा उपाध्यक्ष बनेकी भण्डारीले राष्ट्रपति पदमा गएपछि पार्टी सदस्यता त्यागेको दाबी गरे । भण्डारीले शीतल निवासबाट बाहिरिएपछि यसअघि त्यागेको पार्टी सदस्यता नवीकरण या नयाँका लागि निवेदन नै नदिएको उनले जिकिर गरे । पार्टी अध्यक्ष ओलीले पार्टीमा असन्तुष्ट र एकाध जनसंगठनमा हारेकालाई जम्मा गरेर भण्डारीले पार्टी एकतामा असहयोग गरेको भन्दै कटाक्ष गरे ।

नेता भण्डारीको अभियानलाई पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरले, उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, स्थायी कमिटी सदस्य कर्णबहादुर थापा, केन्द्रीय सदस्य विनोद ढकालसहितका नेताहरूले साथ दिएका छन । भण्डारीलाई साथ दिने नेताहरू आमनिर्वाचन, पार्टीको महाधिवेशन र जनवर्गीय संगठनमा चुनाव हारेकाहरू मात्रै रहेको देखिएका छन् । सात वर्ष मुलुकको राष्ट्रपति बनेर बिदा भएकी भण्डारी १४ असारदेखि सक्रिय राजनीतिमा फर्किएकी हुन् । सयौं नेताकार्यकर्ताको साथ सहयोग र सहभागिताले भण्डारीलाई आगामी राजनीतिक यात्रामा थप बल पुग्ने देखिन्छ । तर आधिकारिक रूपमा पार्टी सदस्यताबाटै वञ्चित भएकी भण्डारीको हैसियत के हुने भन्ने उनीनिकटका नेता कार्यकर्ताको चिन्ता व्यक्त गरेका छन् ।

### उडानविहीन...

कि नाइँ ?’ भन्दै मध्यान्हलाई प्रश्न गरे । उनको जस्तै प्रश्न तत्कालीन रुकुम, जाजरकोट, सल्यान र डोल्पालगायतका जिल्लाका सर्वसाधारणको छ । सबैले अब चौरजहारी विमानस्थलमा जहाज आउँछ कि भनेर प्रतीक्षा गरिरहेका छन् । तर यहाँ जहाज नआउने निश्चितजस्तै छ । २०२८ सालमा सञ्चालनमा आएको विमानस्थलमा नेपालगन्ज र काठमाडौं जोड्ने हवाई सेवा सहज रूपमा सञ्चालन भइरहेको थियो ।

तर, हाल सो विमानस्थल झाडीले ढाकिएको छ । २०७० फागुनदेखि २०७२ भदौसम्म ५ करोड ५९ लाख रुपैयाँ लागतमा कालोपत्रे गरिएको धावनमार्गमा अहिले झाडी उम्रिएको चौरजहारी नगरपालिका प्रमुख पुष्प वादीले बताए । ‘धावनमार्ग कच्ची हुँदा जहाज नियमित आउँथे, अहिले भने करोडौं खर्चेर कालोपत्रे गर्दा पनि विमानस्थल सुनसान छ,’ उनले भने, ‘राज्यको ठुलो लगानी खेर गएको छ, यहाँका सर्वसाधारण हवाई सेवाबाट वञ्चित हुनुपरेको छ ।’ उनले कालोपत्रे गरेपछि एउटा पनि जहाजले अवतरण नै नगरेको बताए । ‘२०७० फागुनदेखि २०७२ भदौसम्म सरकारले धावनमार्ग कालोपत्रे गर्ने निर्णय गर्‍यो । उनले भने, अब त जहाज नियमित चल्छ, यहाँका स्थानीयहरूलाई अब त निकै सहज हुन्छ भन्दै उत्साहित थियौं । तर कालोपत्रेपछि जहाज नै आउन छोडे ।,’

उनका अनुसार स्थानीय तहले नेपाल वायु सेवा निगम र नागरिक उड्डयन प्राधिकरणलाई पटक-पटक पत्राचार गरेको भए पनि यसमा प्राधिकरणले चासो नदिएको बताए । ‘हामीले भेटेरै कतिपटक पत्र दियौ तर भेटमा हामी जहाज पठाउँछौ भन्नुभयो पठाउनुभएन ।’ उनले भने, ‘ हिजो आज त जहाज आउँछ भन्ने आस नै छैन,’ उनले यो विमानस्थल बन्द हुँदा सबैभन्दा ठुलो मारमा बिरामी र विपन्न नागरिक परेको बताए । दैनिक ४/५ जना बिरामी नगर अस्पतालबाट रिफर भएर गाडीमा अन्य ठाउँमा जाने गरेको बताए । उनले विमानस्थल बन्द हुँदा चौरजहारी आसपासका गुफा, धार्मिकस्थल ओझेलमा परेको बताए । राज्यको करोडौं लगानीमा खेर जाँदा पनि दुई ठुला पार्टी मिलेर बनेका सरकार मौन बनेका छन् । त्यति मात्रै होइन रुकुमबाटै निर्वाचित भएका पूर्वअर्थमन्त्री जनार्दन शर्मा पनि विमानस्थल पुनः सञ्चालनबारे मौन बसेका छन्

### ३५ देशसँग...

लाभ पुर्‍याएको बताए । मन्त्रालयले आन्तरिक रोजगारीको माग सम्बोधन गर्न आन्तरिक रोजगार व्यवस्थापन महाशाखा गठन गरेर महत्वका साथ काम गरिरहेको पनि मन्त्री भण्डारीले जानकारी दिए ।

# कर्मचारी झुक्याएर रसिद लिने, नवीकरण गर्न सदस्य हुनुपरेन : ओली

**काठमाडौं/मस** – प्रधानमन्त्री तथा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी हाल एमाले सदस्य नरहेको स्पष्ट पारेका छन्।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित पार्टी प्रवेश कार्यक्रममा सम्बोधन गर्दै उनले भण्डारीको सदस्यता पार्टीले खोसेको नभइ, राष्ट्रपति हुने क्रममा आफैंले त्यागेको बताएका हुन् ।

उनका अनुसार राष्ट्रपति बन्ने बेलामा सदस्यता परित्याग गर्नुपर्ने संवैधानिक बाध्यता भएकाले भण्डारीले एमालेको सदस्यता छोडेकी थिइन् । तर, राष्ट्रपति पदबाट फर्किएपछि सदस्यता नवीकरण गर्नका लागि निवेदन दिनुपर्नेमा भण्डारीले हालसम्म निवेदन नदिएको र पार्टीसँग कुनै छलफल नगरेको ओलीले बताए ।



ओलीले कर्मचारीलाई झुक्याएर सदस्यता रसिद लिँदा पार्टीको सदस्य नबन्ने स्पष्ट पारे । उनले भने,'त्यत्रो राष्ट्रपति भइसकेको मान्छे, कर्मचारीले रसिद काटिदियो भनेर पार्टी सदस्य त हुन्न । छोडेको सदस्यता नवीकरण हुँदैन, भएको सदस्यता मात्रै नवीकरण हुन्छ। यदि सदस्यता निरन्तरता दिन चाहनु भएको भए उहाँले पार्टीमा निवेदन दिनुपर्थ्यो ।'

अध्यक्ष ओलीले भण्डारीलाई दुई पटक राष्ट्रपति बनाउन पार्टीले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यस्तो योगदान पाएकी व्यक्ति फर्किएर पार्टीभित्र समस्या खडा गर्ने सोच समेत नगरेको धारणा राखे । उनले केही पराजित नेताहरूलाई भेला गरेर सक्रियता देखाएको आरोप लगाउँदै त्यस्ता गतिविधिले पार्टीलाई फाइदा नहुने बताए ।

# 'अनुभव र आवश्यकताका आधारमा संविधान संशोधन गर्नुपर्छ'

**काठमाडौं/मस**– नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले अनुभव र आवश्यकताका आधारमा संविधान संशोधन गर्नुपर्ने बताएका छन् । पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।



उनले संशोधन गरेर अधिकार खुम्च्याउने नभइ थप विस्तार गरेर अघि बढ्नुपर्ने बताए । नागरिकले पाएको अधिकार विस्तार गर्ने, आदिवासी, जनजातिले पाएको अधिकार थप विस्तार गर्ने दिशामा अघि बढ्ने पनि बताए । शासकीय काममा भएका अवरोधहरुलाई सम्बोधन गर्नुपर्ने बताए । नयाँ पुस्ता अब पनि प्रजातन्त्रको लागि लड्न नपरोस् भन्नेकुरामा ध्यान दिनुपर्ने बताए ।

महामन्त्री थापाले भने, 'हामीले अब हाम्रो अनुभव र आवश्यकताका आधारमा संविधान संशोधन गर्ने, संशोधन गरेर अधिकार खुम्च्याउने होइन, थप विस्तार गर्ने, नागरिकले पाएको अधिकार विस्तार गर्ने, आदिवासी, जनजातिले पाएको अधिकार थप विस्तार गर्ने हो । थप अधिकार सम्पन्न बनाउने तर सँगै शासकीय काममा जे अवरोध सिर्जना भएका छन्, ति अवरोधलाई पनि सम्बोधन गर्नेगरी कतिपय हाम्रा व्यवस्थालाई मिलाएर जाने हो । जसले गर्दा नेपालमा कुनैपनि नयाँ पुस्ताले प्रजातन्त्रको लाग लड्न नपरोस् ।'

महामन्त्री थापाले नौजवानलाई पार्टीमा ल्याएर उनीहरुमार्फत बाँकी कामहरु गराउन सक्नुपर्ने बताए ।

# तीन दशकमा माइन तथा विस्फोटनमा परी ५ सय ५१ जनाको मृत्यु

**काठमाडौं/मस**– गृहमन्त्री रमेश लेखकले बितेका तीन दशकमा माइन तथा विष्फोटनमा परी ६५१ जना प्रहरी तथा सर्वसाधारणको मृत्यु र दुई हजार ८९९ जना घाइते भएको जानकारी दिएका छन् ।

शुक्रबार राष्ट्रियसभामा सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री लेखकले २०५२ सालदेखि २०८२ को असारसम्मको सो तथ्यांक नेपाल प्रहरीलाई उद्धृत गर्दै प्रस्तुत गरेका हुन् ।

'द्वन्द्वकालीन घटनाका सम्बन्धमा मृतकका हकदारलाई रु १० लाखका दरले राहत रकम प्रदान गरिएको छ', गृहमन्त्री लेखकले भने, 'घाइते तथा सहिदका सन्तानलाई वार्षिक छात्रवृत्ति प्रदान, टुहुरा बालबालिकाका लागि १८ वर्षसम्म मासिक रु पाँच हजारका दरले प्रदान गरिएको र घाइते अपाङ्गहरूलाई प्रतिशतका आधारमा मासिक रूपमा जीवन निर्वाह भत्ता जिल्ला प्रशासन कार्यालयमार्फत प्रदान गरिँदै आएको छ ।' साथै परिपूरणसम्बन्धी अन्य व्यवस्था, उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०७९ बमोजिम सरकारको निर्णयबमोजिम हुने गरेको समेत उनले जानकारी दिए ।

# कतारमा ४८ जना नेपालीले गरे रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ भदौ

दलित एकता सञ्जाल कतारको आयोजनामा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । नेपाली रक्तदाता संघ, कतारसँगको समन्वय, विश्वकर्मा समाज र परियार मित्रता समाज कतारको सहआयोजनामा सम्पन्न रक्तदानमा ४८ जनाले रक्तदान गरेका छन् ।

शुक्रबार बिहान ८ बजेदेखि सुरु भएको कार्यक्रम मध्याह्नसम्म चलेको थियो। रगत अभावका कारण प्रवासमा कसैले ज्यान गुमाउन नपरोस् भन्ने हेतुले सञ्जालले पहिलो पटक रक्तदान कार्यक्रम आयोजना गरेको समाजका अध्यक्ष प्रकाश विश्वकर्माले बताए ।

रक्तदाताहरूलाई समाजले प्रमाण पत्रले सम्मान गरेको थियो । रक्तदान जस्तो पुण्यको कार्यमा उल्लेख्य उपस्थित जनाउने तथा दाताहरूलाई आयोजकले धन्यवाद ज्ञापन गरेको छ । कार्यक्रममा एनआरएनए एनसीसी कतारका प्रमुख तथा पदाधिकारीहरूसहित कतारमा स्थापित संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# ११ बुँदे सम्झौता यथाशीघ्र कार्यान्वयन गर्न केन्द्रीय दुग्ध सहकारीको माग

**काठमाडौं/मस**– २०६१ असार १६ गते ११ मा सरकारसँग भएको सम्झौता अहिलेसम्म कार्यान्वयन नभएकोले भन्दै केन्द्रीय दुग्ध सहकारी संघले तत्काल कार्यान्वयन गर्न माग गरको छ ।



संघका अनुसार दुग्ध किसानहरुको सरकारी स्वामित्वमा रहेको डिडिसी लगायतका अन्य डेरी उद्योगीहरुले विगत ३ देखि ५ महिना अघिदेखि रहेको ३.५ अरब भन्दा बढीको भुक्तानी वक्यौता यथाशीघ्र भुक्तानी गरिनुपर्छ, साथै चक्रिय किसान कोषको व्यवस्था गर्न माग गरिएको छ ।

हाल किसानले भोगिराखेका मिल्क होलिडे तुरुन्त रोकिनुपर्ने, सिमा नाकाबाट भित्रिने अवैध दुध तथा दुग्धजन्यपदार्थ पूर्णरुपमा रोक्नुपर्ने, स्टक रहेका दुग्धजन्यपदार्थ नेपाल सरकारको कुटनितिक पहलद्वारा अन्तर र्राष्ट्रिय बजारमा अविलम्ब विस्तार गर्न, नेपाल सरकारले तोकेको न्युनतम कृषक समर्थन मूल्य ६५ रुपैयाँ भन्दा कमीमा दुध खरीद गर्ने कार्यलाई रोकी न्यूनतम मूल्य नदिने उद्योगीहरुलाई अविलम्व कारवाही गर्न संघले भनेको छ ।

त्यस्तै दुग्ध किसानहरुलाई यस पेशामा जोगाई राख्न कृषि कर्जा अनुदान कार्यक्रम विगतका वर्षहरुमाझैं यथाशीघ्र उपलब्ध गराउन, लागत मूल्य घटाउने कार्यक्रमहरु विगतमा दिइदै आएको प्रति लिटर प्रोत्साहन अनुदान कम्तीमा ५ रुपैयाँ सबै प्रदेशमा लागू गर्ने र पशुआहारा, पशु औषधि लगायत पशुपालनसंग सम्बन्धित विषय वस्तुका मूल्य राज्यले अविलम्व नियन्त्रण गर्न, बीमा कार्यक्रमलाई सहकारीमार्फत गर्न गराउन प्राथमिकतामा राख्ने नीति नै बनाएर कार्यन्वयन गर्न संघले माग गरेको छ ।

संघका अध्यक्ष अम्मरबहादुर कुँवरले किसानको दुधको भुक्तानी हुन नसक्दा मर्का परेको बताए । उनले विगतमा सरकारसँग भएका सम्झौता त्यतिकै राखिएको बताउँदै अब ती लागू नभएका चरणवद्ध रुपमा आन्दोलनमा जाने बताए ।

अध्यक्ष कुँवरले भने-'किसानको दुधको भुक्तानी हुन सकेन्। विगतका सरकारसँग भएका सम्झौता पूर्ण रुपमा कार्यान्वयन पनि हुन सकेन् । कार्यान्वयन गराउनको निमित्त र किसानको दुधको रकम भुक्तानी दिलाउनका लागि हामीले पटकपटक कुरा राख्दा पनि सुनुवाई भएको छैन। हामीलाई अल्मलाउने काम भएको छ । सरकार र उद्योगीलाई सचेत बनाउनका लागि हामी लागिरहेका छौं ।'

उनकाअनुसार सरकारले निर्यातित दुग्धजन्य पदार्थहरुमा अनुदानको व्यवस्था अविलम्व गर्न र उद्योगहरुमा रहेका स्टकहरुको यथासिघ्र अनुगमन गरी स्टकलाई धितो मानी ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । दुग्ध विकास संस्थानमा केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालको संस्थागत प्रतिनिधित्व रहने गरी पुनःसंरचना गर्न समेत गर्नुपर्छ ।

# तिज गीत प्रतियोगिता सम्पन्न



**प्रदिप ज्ञवाली/मध्यान्ह**
रुपन्देही, ६ भदौ

रुपन्देहीको सैनामैना-६ कलौनीमा अवस्थित कलौनी कान्तिपुर इङ्लिस स्कूलमा अन्तरसदनात्मक तिज गीत प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ ।

तिज पर्व नजिकिँदै गर्दा विद्यार्थीमा सांस्कृतिक चेतना र ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको विद्यालयका प्राचार्य सुनिल पोखेलले जानकारी दिए ।

प्रतियोगिता कक्षा ४ देखि ८ सम्मका विद्यार्थीबीच आयोजना गरिएको हो । प्रतियोगितामा रातो, निलो, सेतो र हरियो गरी चार सदनका विद्यार्थीहरूले आ-आफ्ना प्रस्तुति प्रस्तुत गरेका थिए ।

प्रतियोगितामा रातो सदन प्रथम, सेतो सदन द्वितीय र निलो सदन तृतीय स्थानमा आउन सफल भएको विद्यालयका सह-प्राचार्य शंकर बन्जाडेले जानकारी दिए ।

विद्यालय प्रशासनका अनुसार यस प्रकारका सांस्कृतिक गतिविधिले विद्यार्थीको प्रतिभा उजागर गर्नुका साथै सांस्कृतिक जरा मजबुत बनाउन ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# नक्कली डाक्टरको आशंकामा डेन्टल केयर बन्द

**चितवन/मस**– चितवन भरतपुरको हाकिमचोकमा 'नक्कली डाक्टर' बनेर उपचार गरेको आशंकामा एक डेन्टल क्लिनिक बन्द गराइएको छ। नेपाल मेडिकल काउन्सिलले हेल्दी स्माईल डेन्टल केयर सेन्टरमा अनुगमन गर्दा दर्ता नभएको पाइएपछि बन्द गराएको हो ।

नेपाल चिकित्सक संघका केन्द्रीय अध्यक्ष तथा काउसिन्लका सदस्य डा.अनिलविक्रम कार्कीका अनुसार विषम चौधरीले सञ्चालन गरेको डेन्टल क्लिनिक कुनै पनि निकायमा दर्ता भएको पाइएन । अनुगमनका क्रममा उक्त क्लिनिकमा कोही चिकित्सक नभेटिएको कार्कीले जानकारी दिए।

सञ्चालक चौधरीले आफूले भारतको छत्तिसगढबाट बिडिएस र कान्तिपुर डेन्टलबाट सिडिएस अध्ययन गरेको दाबी गरेको उनको भनाइ छ । डा. कार्कीका अनुसार चौधरी काउन्सिलमा दर्ता भएका छैनन् ।

नेपाल डेन्टल एसोसिएसनका अध्यक्ष एवं काउन्सिलका सदस्य अजयकुमार साह, नेपाल मेडिकल काउन्सिलका सदस्य डा.विक्रान्त ढकाल, जिल्ला प्रशासन कार्यालय चितवनका प्रतिनिधिसहितले अनुगमन गरेका थिए। काउन्सिलमा परेको उजुरीका आधारमा अनुगमन गरिएको जनाइएको छ ।


## डाक्नेश्वरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पातो, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

### जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।
यसबाट बच्ने उपाय :
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरू व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२. गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**
**यसबाट बच्ने उपाय :**
क) बासी र सडेगलेको खानेकुराहरू नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।



**युएईमा रोजगार** कम्पनी: SAWAEED EMPLOYMENT LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१९५३३ LT. No.: 303190 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Mason | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 43 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 3. | Shuttering Carpenter | 42 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 4. | Scaffolder | 19 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 5. | Mason | 46 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 6. | General Helper/labour | 141 | 0 | | 800 | ३०,३५२ | | | | | | | |
| 7. | Electrician | 20 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KHAGOL OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ६३५/०६३/०६४
Naya Baneshwor, Kathmandu, Nepal, Tel.No. : +977-1-5244046, 5244747, 5244448, 9801022869, 9705695555, 9851019574, Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com, Website: www.khagoloverseas.com.np,



**UAE मा रोजगार** Cleanco Cleaning Services Co LLC, UAE
पुनः विज्ञापन, पुर्ब स्वीकृती मिति: २०८१/१२/११ चलानी नं.: ६०२२००१९ LT No.: 305351

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 131 | 0 | [illegible] | 800 | ३०,५४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | [illegible] |
| २. | Female Cleaner | 0 | 37 | | 900 | ३४,३५७।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र १४ गते (30 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

E H K Cleaning Services L.L.C, UAE पुनः विज्ञापन, पुर्ब स्वीकृती मिति: २०८१/७/१४ चलानी नं.: ६०२२७४४५ LT No.: 313072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Female | 0 | 2 | काममा दक्ष | 1000 | ३८,१७५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | [illegible] |
| २. | Kitchen Helper | 16 | 0 | | 1000 | ३८,१७५।- | | | | | | | |
| ३. | Waiter | 10 | 0 | | 1200 | ४५,८१०।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र १३ गते (29 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 98010447 9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com



**कतारमा रोजगारको अवसर** कम्पनी: DANEM ENGINEEARING WORKS W.L.L. पूर्व स्वीकृत मिति : २०८२/०५/०५
शहर : Doha चलानी नं.: ६०२४३६२३ LT. No.: 329854

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४२,४६० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper /Labourer / Ceramic Worker /Building Worker | 5 | 0 | | 1000 | ३८,६०० | | | | | | | |
| 3. | Pipe Fitter | 3 | 0 | | 1100 | ४२,४६० | | | | | | | |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ भाद्र १४ गते (30 Aug 2025) मा हुनेछ ।

**White Gloves International Pvt. Ltd**
Govt. Lic. No. 1060/073/074
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Mob.: 9860114382, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com



**UAE मा रोजगार** कम्पनी : EMRILL SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/०५ चलानी नं: ६०२४३६४० L.T. No.: 329802

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 100 | स. काममा दक्ष | 1000 | ३७,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Hope International (P) Ltd.**
License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location



**युएई मा रोजगार** कम्पनी: K E A BUIDLING CONTRACTING LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ चलानी नं.: ६०२४३६७६ LT. No.:329142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter | 25 | 0 | स. काममा दक्ष | 1500 | ५६,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर जनकपुर, धनुषामा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता श्री राम जानकी ट्रेनिङ सेन्टर बर्दिबास, महोत्तरीमा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ ।
अन्तर्वार्ता मारुती ट्रेनिङ सेन्टर बरहथवा, सर्लाहीमा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ ।
अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर प्रा.लि. ग्वार्खो ललितपुरमा २०८२ भदौ १७ गते (2 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KOSH OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. १५०६/०७४/७५
Seti Opi Marg, Koteshwor-32, Kathmandu, Tel.: 014537535, 014537536, 9851197732.
Email: info@koshoverseas.com., koshoverseas@gmail.com.

धर्म-संस्कृति

# पितृ सम्मान तथा कुश भित्र्याउने पर्व

*हामी धर्म संस्कृतिमा धेरै नै धनी छौं । यसमा खासगरी आमाको मुख हेर्ने औंसी, बाबुको मुख हेर्ने कुशे औंसी, गुरूको महत्व भएको गुरू पूर्णिमा, दिदी-बहिनीका लागि तिज र दाजुभाइलाई भाइटिका रहेको छ । यी सबै सन्दर्भलाई हेर्दा, अनेकौं चाडपर्वमा आध्यात्मिक भावनाका साथै, सामाजिक अनुशासन, मर्यादा, त्याग अनि कृतज्ञताको भावना पनि पाइन्छ...*



■ विश्वनाथ खरेल

भनिन्छ 'पितृदेवो भवः' यो वैदिक शिक्षा पद्धतिलाई मौलिक आदर्श कायम राख्दै शैक्षिक, सांस्कृतिक र परम्परागत पर्वका रूपमा पितृ सम्मान पर्वका रूपमा नेपाललगायत विश्वभरि हिन्दुहरूले मनाउँदै आएका छन् । फलतः हामी धर्म संस्कृतिमा धेरै नै धनी छौं । यसमा खासगरी आमाको मुख हेर्ने औंसी, बाबुको मुख हेर्ने कुशे औंसी, गुरुको महत्व भएको गुरु पूर्णिमा, दिदी-बहिनीका लागि तिज र दाजुभाइलाई भाइटिका रहेको छ । यी सबै सन्दर्भलाई हेर्दा, अनेकौं चाडपर्वमा आध्यात्मिक भावनाका साथै, सामाजिक अनुशासन, मर्यादा, त्याग अनि कृतज्ञताको भावना पनि पाइन्छ । हाम्रा सम्पूर्ण चाडपर्वका शुभ-पुण्य दिनहरूमा ईश्वर, जीव र जगतलाई आध्यात्मिक तथा भौतिक समन्वयात्मक भावनाले जीवन अगाडि बढ्न-बढाउन प्रेरणा प्रदान गरिरहेको देखिन्छ ।

सामाजिक सुसंगठन पनि यी पर्वमा देखिन्छन् । यसैले संस्कृति र परम्परा भनेको सभ्य मानिसका सभ्यताका परिचायक हुन् । कुनै समाज वा कुनै राष्ट्र कति पुरानो वा कति सभ्य छ भन्ने कुराको पहिचान संस्कृति र परम्पराबाट गरिन्छ । हिन्दु धर्म र संस्कृति मानव मात्रको प्राचीन संस्कृति हो र यो सनातन वैदिक कालदेखि कुनै न कुनै रूपमा चल्दै आएको छ । यसरी नै मातृदेवो भवः, पितृदेवो भवः, आचार्यदेवो भवः, अतिथिदेवो भवः यी हाम्रा शिक्षाका आदर्श वाक्य हुन् । हाम्रो संस्कृति आशावादी छ । हामीलाई जीवनअघि र मृत्युपछि पनि आफ्ना सन्तानप्रतिको आशा एवं ममता रहन्छ । यी कुराहरूलाई मध्यनजर राखेर नै हाम्रो इतिहास, धर्म, संस्कृति यिनै कुराका प्रमाण हुन् ।

यसैले आजको दिन आफ्नो जन्म दिने र हामीलाई हुर्काउने, बढाउने, सत्कर्म, शिक्षादीक्षा दिलाई योग्य बनाउन निरन्तर प्रयास गर्ने आफ्ना बाबुको श्रद्धापूर्वक दर्शन गरी पाउमा परेर हार्दिकता देखाउने दिन हो । यही स्नेह-सम्बन्धबाट हाम्रो समाज बाँधिएको छ । तुलनात्मक दृष्टिकोणले हेर्दा, हाम्रो परम्परा र संस्कृति दूरगामी, प्रकाशमय, जन्म-जन्मान्तरको आत्मीय भावनाले भरिपूर्ण भएको पाइन्छ । अन्य संस्कृतिमा भने यस्तो भावनात्मक प्रखरता पाइँदैन । वस्तुतः हाम्रो धर्म-संस्कृतिअनुसार हरेक मनुष्यलाई तीन ऋणको दायित्व हुन्छ । ती हुन- देवता, पितृ र ऋषि ऋण । यी तीन ऋणबाट उऋण भई कृतज्ञ हुनुपर्दछ । यसका लागि पितृप्रति श्रद्धा गरिन्छ । दिवङ्गत पितृको श्राद्ध-तर्पण, आयुर्दा, सन्तान, विद्या, धन, स्वर्ग, मोक्ष, सुख, राज्य, समृद्धि, ऐश्वर्य आदि प्राप्त हुन्छ भन्ने स्मृति शास्त्रको भनाइ छ ।

हाम्रो धर्म शास्त्रको भनाईअनुसार बाबु पाँच किसिमका हुन्छन् भनेका छन्- आचार्य चाणक्यले । यिनमा जन्म दिने बाबु, संस्कार सिकाउने गुरु, विद्या दिने गुरु, अन्न दिने र भयबाट मुक्त गर्ने पर्छन् । यसरी नै बाबुलाई संस्कृत भाषामा जनक, पिता आदि भनिन्छ । जनकको अर्थ जन्म दिने हुन्छ । वैदिक ग्रन्थमा बाबुलाई देवताजस्तै मान्नुपर्छ भनिएको छ । यसर्थ, बाबु खुसी भए सबै देवता खुसी हुन्छन् भन्ने पौराणिक कथन छ । त्यसैगरी, धर्मशास्त्रले बाबुलाई पुष्कर तीर्थको संज्ञा दिएको छ । त्यस्तै, गरुड पुराणले जसका बाबु खुसी भएका छन्, उनीहरूलाई असल सन्तान प्राप्त हुन्छन् भन्ने उद्घोष गरेको छ । अतः बाबुको सेवा गर्दा भगवान् खुसी भएर वरदान दिन आएका प्रसंग पौराणिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ ।

पितृ भक्तिका कारण भरद्वाज ऋषिका सात भाइ छोराले परिबन्दवश लाग्न आएको गोवधजन्य अपराधबाट मुक्ति पाएका प्रसंग हरिवंशमा भेटिन्छ । त्यसै, द्वारका निवासी शिव शर्माका पाँच भाइ छोरा यज्ञ शर्मा,



वेद शर्मा, धर्म शर्मा, विष्णु शर्मा र सोम शर्माले पितृ भक्तिकै कारण देव दुर्लभ कर्म गर्न सफल भएको कुरा पद्मपुराणले गरेको छ । पितृ भक्तिकै कारण ब्राह्मण शिरोमणि परशुराम चिरञ्जीवी बनेका थिए भने गणेशले अग्र पूजाको अधिकार पाएका थिए । महारथी भीष्मले इच्छा मृत्यु र अर्जुनले कर्णमाथि विजय पाउनुका कारण पनि पितृ भक्ति नै थियो । रामायणका अनुसार बाबुको आज्ञाले भगवान् राम १४ वर्षका लागि वनवासमा गएका थिए भने श्रवणकुमारले बोकेर तीर्थाटन गराई वृद्ध बाबुआमाको इच्छा पूरा गरेका थिए । बाबुको खुसीका लागि महारथी भीष्म अखण्ड ब्रह्मचारी रहेका थिए । ब्राह्मण शिरोमणि परशुराम मातृ हत्यामा समेत तत्पर भएका थिए ।

कृष्णले आफू स्वयं सक्षम हुँदाहुँदै पनि बाबुको मान राख्न जन्मनासाथ गोकुल लगिदिन आग्रह गरेका प्रसंग भागवतमा व्यासले उठाएका मात्र छैनन्, कंशवधपछि कृष्णले सर्वप्रथम आमाबाबुकै उद्धार गरेका प्रसंगसमेत उठाएका छन् । तसर्थ, स्वस्थानी व्रत कथामा पनि गोमा ब्राह्मणीका छोरा नवराजको पितृ भक्ति पनि उत्तिकै चर्चित भएको उल्लेख गरिएको छ ।

हिन्दु शास्त्रीय विधानअनुसार प्रत्येक देव कार्य, पितृ कार्य र संस्कार आदि कार्य सुसम्पन्न गरिँदा कुशको आवश्यकता पर्दछ । पितृ आमावास्या अथवा गोकर्णे औंसीको दिनलाई कुशे औंसी पनि भन्ने चलन छ । यसरी यसै दिन ब्राह्मण पुरोहितका हातबाट नयाँ कुश ग्रहण गरी त्यसैले वर्ष दिन भरको देव पितृ कार्यहरू सम्पन्न गरिन्छ । त्यस दिन बाहेक ब्राह्मणहरूले अरू दिन कुश काट्दैनन् । कुश भनेको एक प्रकारको धार्मिक दृष्टिबाट पवित्र झार हो । कुश उत्पत्तिको बारेमा विभिन्न धार्मिक शास्त्रहरूमा आ-आफ्नो किसिमको मतभेद पाइन्छ । अतः श्रीमद्भागवत महापुराणका अनुसार लोक रक्षक भगवान् विष्णुले पृथ्वीको उद्धार कार्य गर्नका लागि जब बराह अवतार लिनुभयो, त्यतिखेर हिरण्याक्षलाई वध गरी पृथ्वीको रक्षा गरिसकेपछि आफूलाई थकाइको अनुभव हुँदा समुद्र किनारमा विश्राम गर्नुभयो । त्यसरी विश्राम गर्दा बालुवामा झरेका भगवानका रौंबाट कुश उत्पन्न भएको हो भन्ने कुरा उल्लेख छ । यसरी कुशको विशेष सम्बन्ध पितृ कार्यसँग रहेको पाइन्छ । प्रत्येक वर्ष आउने भाद्र महिना कृष्ण पक्षको यो औंसी तिथिलाई कुशे औंसी भनिन्छ । हाम्रा धर्म, संस्कृति, परम्पराअनुसार सम्पूर्ण शुभ कार्यहरू, शुभ संस्कारहरूमा चाहिने पवित्र वनस्पति तत्व कुशलाई ब्राम्हणहरूद्वारा हिन्दु मात्रका घर-घरमा वितरण गरिन्छ ।

अन्त्यमा भन्नुपर्दा, यस संसारमा जन्म लिएका हरेक सन्तानले पिताको सम्मान गर्ने वैदिक कालदेखि नै परम्परा विकसित भएको पाइन्छ । यसरी आजको दिनमा पिता जीवित हुनेले मीठा मीठा पकवान तयार पारी खुवाउने, न्याना उपयोगी कपडाद्वारा सम्मान गर्ने, बुवाको मुख दर्शन गर्ने र प्रणाम गर्ने चलन रहेको छ भने पिताको देहावसान भइसकेकाहरूले चाहिँ पितृ मुक्तिको कामना गर्दै पितृ तर्पण वा दान दक्षिणा गर्ने गर्दछन् । यसको साथसाथै पिताको स्मृतिमा कतिपयले यसै दिन गुरुकुल, पाठशाला, मठमन्दिरमा रहेका पराश्रित बटुक, ब्राह्मण र साधु सन्तलाई भोजन गराउने, वस्त्र दान गर्ने, त्यस्तै पिताको नाममा अक्षयकोष खडा गर्ने, धारा, पाटी पौवा, चौतारा, धर्मशाला आदि निर्माण गर्नेजस्ता सुकार्य गर्ने परम्परासमेत रहेको पाइन्छ । यसरी बाबु परलोक भइसकेकाले गोकर्ण अथवा अन्य तीर्थस्थलमा गई तर्पण तथा सिदा दान गरेमा पुण्य मिल्छ भन्ने धार्मिक विश्वास रहिआएको छ ।

यो ब्रह्माण्डमा जन्म दिने आमा-बाबु र शिक्षा दिने गुरुलाई वैदिक सनातन हिन्दु धर्मावलम्बीहरूले जीवित देवताका रूपमा मान्ने गर्दछन् । यसरी देव कार्य, पितृ कार्यलगायत अन्य कार्यहरू गर्दा कुशविना कार्य सम्पन्न हुन सक्दैन । त्यसैले हरेक पुण्य कार्यहरू अर्थात् पितृ तथा देव कार्य जस्तै : नुहाउँदा, जपस्नान गर्दा, दान गर्दा, पाठ पूजा, पितृ कार्यमा समेत प्रयोग हुने बहुपयोगी कुशलाई हिन्दु धर्मावलम्बिहरुले महत्वका साथ हेर्दछन् । तसर्थ, हिन्दूधर्मको दैनिकी र संस्कारहरू अत्यन्तै वैज्ञानिक छन् । यसैकारणले गर्दा नै गीता र वेद नै आविष्कारका जननी हुन् ।

कविता

## पिता : जीवनजस्तै उज्यालो



शम्भु पनेरू

शब्दले कहिल्यै पूरा गर्न नसक्ने ऋण
तिमीले दिएको असीम माया हो पिता,
जुन चुपचाप पसिना बनेर ढल्थ्यो
खेतको गह्रौं माटोमा,
काठको भुँइमा,
कागजको पातलो पानामा ।
तिमीलाई कहिल्यै देखिनँ
गुनासोको घेराभित्र,
तर, देखिरहें
सधैं ओठ चपाउँदै
जीवनको कठोर स्वाद निल्ने बानीमा ।
तिमी हाँस्दा पनि
आधा हाँसो थियो, आधा वेदना,
तर, त्यो आधा वेदना हामीबाट टाढा राख्ने
तिम्रो अनन्त धैर्य थियो ।
पिता,
तिमी आँधीलाई रोक्ने डाँडा थियौ
तर, हामीलाई कहिल्यै थाहा भएन
कति ढुंगा फुटे तिम्रो छातीमा
कति चिसो वर्षा बग्यो तिम्रो शिरमाथि ।
हामी मात्र हुर्कियौं
तिम्रो ओझेलमा हरियाली पातझैं
र, कहिल्यै बुझ्न सकेनौं
त्यो जराले कति पीडा सहेको थियो ।
तिम्रो अनुशासन कहिलेकाहीँ
हाम्रो बालापनलाई कठोर लाग्थ्यो,
तर आज बुझ्छु–
त्यो कठोरता प्रेमको अर्को नाम थियो ।
जसरी लोहोरो पारेर
नदीलाई बाटो देखाइन्छ,
त्यसरी नै तिमीले
हाम्रो जीवनलाई सही धारमा बगाइदियौ ।
पिता,
तिमीले देखायौ नपढेको किताब
तर, अनुभवका पानाले भरिएको ज्ञान,
तिमी भन्थ्यौ–
'इमान ठुलो हो, धनभन्दा,
सम्मान बलियो हो, शक्तिभन्दा ।'
त्यो वाक्य हामीले हरेक मोडमा
मार्गदर्शनको दीपशिखा झैं पाएँ ।
आज पनि तिम्रो पाइलाको आवाज
घरको ढोकामा सुनिन्छ जस्तो लाग्छ,
तिमीले ल्याउने चियापत्तीको सुगन्ध,
तिमीले बजाउने पुरानो रेडियोको धुन,
सबै अझै कानमा गुन्जिरहेझैं छ ।
यद्यपि, समयले तिमीलाई
टाढा पुऱ्याउँदै लगिरहेको छ,
तर हाम्रो हृदयमा
तिमी अझै पनि नजिकै छौ–
साँझ परेपछि उज्यालो दिने दियोझैं ।
पिता,
तिमीलाई धन्यवाद भन्नु
समुद्रलाई थोपा चढाउने जस्तै लाग्छ,
तिमीलाई नमस्कार गर्नु
आकाशलाई टाउको झुकाउनेजस्तै लाग्छ,
तर पनि
शब्दले सक्दो सम्मान चढाउँछु–
तिमी हाम्रो मेरुदण्ड हौ,
जसको बलमा हामी सिधा उभिएका छौं ।
जीवनले सधैं चुनौती ल्याउँछ
तर तिमीले सिकाएको धैर्य
हामीलाई ढालझैं बन्छ,
तिमीले देखाएको सत्यको बाटो
हामीलाई कम्पासझैं देखिन्छ ।
हामी जहाँ पुगे पनि
हामीभित्र तिमी नै बाँचिरहनेछौ–
मौन, दृढ, तर असीम आकाशजस्तै फैलिएको ।

# सन्देशमूलक कथा संग्रह : 'खोक्पा'



■ कुमार काफ्ले

प्राचीन कालदेखि नै पूर्वीय र पाश्चात्य साहित्यमा कथाको निकै लामो परम्परा रहिआएको छ । पूर्वमा ऋग्वेदजस्ता वैदिक साहित्यमा कथाको सूत्रात्मक बीजरूपी पाइन्छ भने पश्चिममा मिश्र देश (इजिप्ट)को शिलापत्रमा अंकित गाथालाई सर्व प्राचीन उदाहरण मानिन्छ । पूर्वमा होस् या पश्चिममा, कथालाई कार्यमूलक उद्देश्यको परिधिभित्र सीमित पारिएको हुँदा पाठक र स्रोतालाई मनोविनोद गराउन, अतीतका घटनालाई क्रमबद्ध रूपमा बताउन र भावी कुराहरूबारे जानकारी दिन कथा रचिन्थ्यो । इसाको १९औं शताब्दीपछि भने काल, परिस्थितिको मागले गर्दा एक पूर्ण सचेत कला, आफ्नै मौलिक शिल्प र अनुवंशलाई कायम राख्दै कथा साहित्यको विकसित भयो । वर्तमानमा यो विधा शीघ्र परिवर्त्य स्वरूप लिएर निरन्तर अघि बढिरहेको छ ।

साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा डीआरको कथासंग्रह 'खोक्पा' नवीनतम् कथा कृति हो । कृतिको नामै अनौठो छ । यसको अर्थ के होला भनेर नखोतली कथा पढ्नतिर लागें । पेज टर्नरले २०८० मा प्रकाशन गरेको यो कृतिमा ११ थान कथा छन् ।

पहिलो कथा 'बुढो रुख' सहरदेखि आफ्नै थातथलो फर्केको म पात्र 'दीपे' र नन्दलाल उर्फ नन्देको भेटघाट र गफगाफ वरिपरि घुमेको छ । कथाको विषय प्रकृति जुन केही वर्ष पहिलेसम्म सुन्दर थियो तर अहिले अत्यधिक दोहन र विनाशको कारण कुरुप बन्दै गइरहेको छ । नन्दलालका बुढा बा जगन्नाथको सम्झना, चिनो र बाँच्ने सहारा घर नजिकैको एक रुख जुन उनीजस्तै दिनानुदिन वृद्ध हुँदै गइरहेको थियो । नन्दे वैदेशिक रोजगारीमा थियो । विदेशबाट फर्केपछि नन्दे बुढो रुख, जसले अब केही दिन सक्दैनथ्यो, न शीतल न त फल नै त्यसलाई ढाल्न थाल्छ । जब त्यो रुखमा बन्चरो बज्रिन थाल्छ तब बुढा बालाई असह्य चोट पुग्छ र ढल्न खोज्छन् । कथा सन्देशमूलक छ ।

'पुच्का' दोस्रो कथा, नाम नयाँ छ तर कथाको विषयवस्तु प्रेम, सम्बन्ध र व्यापार अपार भएको देखाइएको छ । जुन धेरै लेखिएकै विनय हो । तथापि कथाकारले नवीन शैली अपनाएका छन् । एउटा रेस्टुरेन्टमा बसेर म पात्र र रीतिका प्रेमालाप गर्छन् । अनेक सपना बुन्छन् र रेस्टुरेन्टमै पाइने एक स्पेसल परिकार पुच्का जुन पानीपुरीकै नयाँ भर्जन रहेछ, खान्छन् । उनीहरू रेस्टुरेन्ट मालिक पुकारलाई भेट्छन् र अन्ततः म पात्र त्यहीँ काम गर्छ । 'पुकार र पुच्का' नामक किताब लेख्छ, प्रख्यात हुन्छ । स्वदेशमै केही गर्न सकिन्छ भनेर दर्साइएको कथा रोचक छ ।


'परिवर्तन'मा अमेरिकामा शिक्षा र सिप सिकेर स्वदेशमा नै कृषि कर्ममा रमाएका उदयमान कुनैबेला दीपिकाको हात माग्न गएका थिए । अमेरिका छोडेर नेपालमै केही गर्ने भनेपछि उनीहरूको बिहे

> *साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा डीआरको कथासंग्रह 'खोक्पा' नवीनतम् कथा कृति हो । कृतिको नामै अनौठो छ । यसको अर्थ के होला भनेर धेरैलाई अलमल पार्छ । तर कथाहरू पढ्दै जाँदा पाठक धेरै कुरा जान्न पाउँछन्...*

भएको थिएन । भलै उदयमान र दीपिकाको देखादेख भएको भने थिएन, तस्बिर हेरेरै दीपिकाले उसलाई मन पराइसकेकी थिइन् । परन्तु बिहे भने अमेरिकामा बस्ने पुकारसँग भइदिन्छ । समयक्रममा पुकार उदयमानको फ्यान बन्छ । उसको कुरा मन पराउँछ, भेट्न जान्छ, घरमै लिएर आउँछ । दीपिकाले पनि उसका कुरा मन पराउँछे । कुराकै सिलसिलामा उदयमानले आफ्नो संघर्ष र जीवन कहानी कहन्छ । अन्ततः उदयमान नै पहिलेको उदीप हुन्छ, जसले दीपिकासँग बिहे गर्न लागेको थियो । दीपिका झसंग हुन्छे । कथामा ओ हेनरी शैलीको ट्वीस्ट छ ।

'परिणाम' शीर्षकको कथामा एउटा सानो तथा सुन्दर परिवार कसरी तहसनहस भएको छ भनेर देखाइएको छ । छिट्टै धनी बन्ने महत्वकांक्षाले पुष्पा अवैधानिक धन्दा ढुकुटी खेल्ने खेलाउने गर्न थाल्छे । लोग्नेको कुरा मान्दिन, उल्टै घमन्ड गर्छे । छोरीलाई समेत आफूसँगै बिगार्छे र अनेक हन्डर खान्छे । यस कथाले लोभले लाभ लाभले विलाप भन्ने उखान चरितार्थ गरेको छ ।

'हराएको नाता' बिदेसिएका सन्तानले वृद्धा आमालाई सके उतै लैजाने नसके आश्रममा राख्न खोज्ने समसामयिक विषयवस्तुमा आधारित छ । पारस र इभा क्यानडा बस्छन् । उनीहरू घर आउने खबरले आमा खुसीले पुलकित हुन्छिन्, सदाभन्दा छिटै उठ्छिन् । छोरा बुहारीले उतै जान कर




गर्छन्, मान्दिनन् । अन्तिममा घर भाडामा लगाएर आमालाई आश्रममा छोडेर उनीहरू जान्छन् । सानैदेखि हुर्काएको भीमसेन विदेशबाट आएको बेला ऊ र उसकी जीवनसाथी शान्ता आमालाई भेट्न जान्छन् । कुराकानीको क्रममा सबै भावुक हुन्छन् । पछि भीमसेनले आमालाई आफैँसँग लान्छ र उनीहरूकै काखमा आमाले प्राण त्याग्छिन् । कथा आदर्शोन्मुख छ, कतिपय बेला कथाकार सिधै उपदेश दिन थालेको आभास हुन्छ ।

'रवि' आत्मसंयम गुमाउनाले, क्षणिक भावनामा बग्नाले जिन्दगी कसरी नारकीय बन्छ ? छिटै सफल हुने छिटोछरितो मार्ग छैन । त्यसका लागि निरन्तर परिश्रम र साधना चाहिन्छ भनेर सुन्दर सन्देश दिने कथा हो । अनेक दुःख, कष्ट, हैरानी पश्चात् रक्षा र विवेकको भेट हुन्छ तर त्यो भेट अपेक्षित छैन । पीडादायक मिलन दर्दले भरिएको छ । 'नयाँ बाकस' वैदेशिक रोजगारीमा जान विवश नेपाली समुदायले भोग्नुपरेको तीतो यथार्थ हो । सुन्दर सपना सजाएर रोजगारीमा जाने युवा युवतीको परिवार कसरी विखण्डित भइरहेको छ ? कतिले कसरी आफ्नो जिन्दगी बरबाद गरिरहेका छन् ! कतिको इहलीला समाप्त भएको छ ! परिवारका सदस्यहरूको अपेक्षा कस्तो हुन्छ ? बालमष्तिष्कमा कस्ता कुराहरू खेल्दछन् ! यावत् पक्षको मिहिन रूपमा प्रस्तुत गरिएको छ ।

'गाड्धन' गाउँमा बस्ने टारघरे बुढा आफ्नो बारीमा ठूलो धन राशि गाडेर राखेको सपना देख्थे । उनलाई सपना कसरी पूरा गर्ने केही सुझेको थिएन । गाउँका युवाहरूले खेलमैदान बनाउन बुढाको टारबारी माग्न जान्छन् । सपना पूरा गर्ने आसमा बुढा जग्गामा डोजर लगाएर खोतल्छन् । केही नभेटेपछि मानसिक रूपमा विक्षिप्त हुन्छन् । परिवारका सदस्यले सम्झाई बुझाइ गरेपछि सामान्य जीवनमा फर्किन्छन् । उनी सम्मानको पात्र बन्छन् । एउटा सामान्य मानिसले पनि चाहेमा केही योगदान गर्न सक्छन्, भलै बुढा भने परिबन्दमा फस्दाफस्दै समाजसेवी बनेका थिए । कथाले सन्देशमूलक उदाहरण प्रस्तुत गरेको छ ।

'लाहुरेको निशानी' शीर्षकको कथामा आफ्नो नाभि गाडिएको ठाउँमा केही त गर्नै पर्छ भन्ने सुन्दर सन्देश छ । भोकबहादुर र झोकबहादुर बालसखा हुन्, उनीहरू उबेलाका रमाइला पल सम्झँदै जागिरे जिन्दगीका सुख दुःखका बात गर्छन् । छुट्टीमा आएका जागिरेहरूले गाउँ भेला गरेर गाउँमा विकासका काम थालनी गर्नुपर्छ भनेर बुझाउँछन्, पहलकदमी लिन्छन् । 'मायाको चिनो' मा जातीय विभेदको जाँतोमा पिँधिएको प्रेम कहानी छ । किशोरी अवस्थामा छाया एक जनासँग प्रेममा परिन्, उनीहरूबिच शारीरिक सम्पर्क समेत भयो । छाया दुई जीउकी भइन् तर केटोले छोडेर गयो । छायाको एकतर्फी प्रेमको निशानी सुबिनको बिहे गर्ने बेलामा केटी पक्षले उसको बाउ र जातको कुरा निकालेर दुर्व्यवहार गरेर कथाकारले अन्धविश्वासले जकडिएको समाजको चित्रण गरेका छन् । त्यसपछि कथा फिल्मी शैलीमा अगाडि बढ्छ र सुखान्तमा कहानी टुङ्गिन्छ ।

अन्तिम कथा 'लङ्गडो साथी' एउटा शिक्षकले कक्षाकोठामा आफ्ना विद्यार्थीहरूलाई सुनाएको मार्मिक थाको कहानी हो । कथामा स्थानीय गाउँ, बजार र भञ्ज्याङको यथार्थ चित्रण छ । कथाकारले कथाको सिर्जना वा हेतु जीवनोपयोगी सन्देश दिनु हो भनेर स्वीकार गरेका छन् र उनका हरेक कथामा केही न केही सन्देश दिएका छन् । ग्रामीण परिवेश, बाल्यकालको सम्झना, रैथाने भाषा, संस्कार, संस्कृति र झर्रो लवज मिसिएका कथासंग्रहका कतिपय कथामा पर्यावरणीय चेतनाको सुन्दर मुहार देख्न सकिन्छ ।

# भुटानविरुद्ध नेपालको पुनरागमन जित



**काठमाडौं/मस–** भुटानको थिम्पुमा जारी साफ यु-१७ महिला च्याम्पियनसिपमा नेपालले उत्कृष्ट कमब्याक गर्दै भुटानलाई २-१ गोलअन्तरले पराजित गरेको छ ।

शुक्रबार भएको खेलमा घरेलु टोली भुटानले पहिलो हाफमै अग्रता बनाएको थियो । खेलको ४२औं मिनेटमा क्युनडेन सोनामले गोल गर्दै भुटानलाई १-० ले अघि बढाइन् । पहिलो हाफमा नेपाल पछाडि परेको थियो ।

तर दोस्रो हाफमा नेपालले खेलमा बलियो फर्काइयो । ५८औं मिनेटमा साहारा लिम्बूले पेनाल्टी क्षेत्रबाहिरबाट गरेको शक्तिशाली प्रहार गोलमा परिणत भयो र स्कोर १-१ को बराबरीमा पुग्यो । त्यसपछि ७६औं मिनेटमा साहराले नै व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाइन् । अन्तिमसम्म थप गोल नहुँदा नेपाल विजयी भयो ।

यससँगै नेपालले दोस्रो खेलमै पहिलो जित दर्ता गर्दै तीन अंक जोडेको छ । समूह चरणको पहिलो खेलमा नेपाल भारतसँग ७-० ले पराजित भएको थियो । भुटान भने लगातार दोस्रो हार व्यहोर्दै अंकविहीन बनेको छ । उसले पहिलो खेलमा बंगलादेशसँग ३-१ ले हार मानेको थियो । अब नेपालले आइतबार बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ ।

# नेपाल पाकिस्तान साहिन्ससँग एक रनले पराजित



**काठमाडौं/मस–** अस्ट्रेलियामा जारी टप एन्ड टी-२० शृंखलाअन्तर्गत शुक्रबार भएको खेलमा नेपाल पाकिस्तान साहिन्ससँग एक रनले पराजित भएको छ । अस्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट ग्राउण्ड २ मा भएको खेलमा टस जितेर पहिला ब्याटिङ रोजेको पाकिस्तान साहिन्सले नेपाललाई जितका लागि १ सय ४५ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १ सय ४३ रनमा समेटियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले ५२ रन बनाए । उनले ४४ बलमा ६ चौका र एक छक्का प्रहार गर्दै ५२ रन बनाएका हुन् । त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ४१, आसिफ शेखले २७ तथा लोकेश बमले १० रन बनाए ।

बलिङतर्फ पाकिस्तान साहिन्सले मोहमद वासिम र फैसल अक्रमले समान दुई/दुई विकेट लिए भने मोहमद सलमानले एक विकेट झारे ।

त्यसअघि पाकिस्तान साहिन्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १४४ रनको योगफल बनाएको थियो । पाकिस्तान साहिन्सका कप्तान इरफान खानले सर्वाधिक ४२ रनको योगदान दिए । उनले २६ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाएका हुन् । त्यसैगरी मोहमद वासिमले २३, अबदुल समादले २६ तथा यासिर खानले १८ रन जोडे ।

नेपालका सोमपाल कामीले तीन विकेट लिए भने नन्दन यादव र दीपेन्द्रसिंह ऐरीले समान दुई/दुई विकेट लिए । त्यसैगरी कुशल भुर्तेलले एक विकेट झारे । यसअघि पाँच खेल खेलेको नेपालले तीन खेलमा हार तथा दुई खेलमा जित हासिल गरेको थियो । नेपाल नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२, बंगलादेश 'ए'सँग ३२ र मेलबर्न स्टार्स एकेडेमीसँग ३१ रनले पराजित भएको थियो ।

नेपालले होबर्ट हुरिकेन्स एकेडेमीविरुद्ध ६६ र मेलबर्न रेनेगेड्स एकेडेमी विरुद्ध ३३ रनको जित निकालेको थियो । यस हारसँगै ६ खेलमा चार अंक जोडेको नेपाल प्रतियोगिताबाट बाहरिएको छ ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

श्री कन्हाई चौधरीको नातिनी, श्री पल्ट चौधरीको छोरी सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ५ हाल सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ५ बस्ने, यस बैंकको झुम्का शाखा कार्यालयको खातावाला पवनी देवी चौधरीको मिति २०७९-०४-०१ मा मृत्यू भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा देव नारायण चौधरीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, हरिवन शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०५/०७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल जेठ महिना ०१ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालय हरिवनमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| ऋणीको नाम र ठेगाना : |
|---|
| प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही मलङ्वामा उद्योग दर्ता नं. ८४३७/०७६/०७७ कायम भई मिति २०७६/१०/२७ मा दर्ता भएको सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १२, सर्लाही स्थित **शिव कृषी फर्म** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| लसगरी रायको नाती, बुनी रायको छोरा, सर्लाही जिल्ला, लौकठ गा.वि.स/न.पा वडा नं. ४ बस्ने **महावीर राय** । |
| महायन रायको छोरी, महाविर रायको श्रीमती, सर्लाही जिल्ला, लौकठ गा.वि.स/न.पा वडा नं. ४ बस्ने **पर्मिला देवी राय** । |
| बुनी रायको नाती, महावीर रायको छोरा, सर्लाही जिल्ला, लौकठ गा.वि.स/न.पा वडा नं. ४ बस्ने **राम कुमार यादव** । |
| बुनी रायको नाती, महावीर रायको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा वडा नं. १२ बस्ने **राम कल्याण यादव** । |
| बुनी रायको नाती, महावीर रायको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा वडा नं. १२ बस्ने **शिव कुमार यादव** । |
| **धितो सुरक्षणको विवरण :** |
| **पर्मिला देवी राय**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, धनगडा गा.वि.स/उ.प.न.पा वडा नं. ९ (नक्सा सिट नं. ९/क) को कित्ता नं. ८९९ र ६०५ को क्रमशः ०-०-१०.५ र ०-१-२ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा हरिवन शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा हरिवन शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रदान गरिने छैन)
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना २७ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल आश्विन महिना ०१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## साउदीमा रोजगार

कम्पनी: CEMENT PRODUCTS INDUSTRY CO — शहर: RABIGH
पूर्व स्वीकृत मिति : २०८२/०५/०५ — चलानी नं.: ६०२४३६५३ — L.T. No.: 329830

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 3200 | ११८,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Janashakti International Services Pvt. Ltd. Gov. Lic. No. 999/068/69
Basundhara-3, Kathmandu, Nepal, Tel.: +977-1-4964020, Mobile : 9841127124, 9851093031, 9851105682, 9860217740
Jhapa Branch 023591265, 9815005930, Email: info@jisnepal.com, Website: www.janashaktiintl.com

## साउदीमा रोजगार

१ कम्पनी: EMERGING ENERGY CONTRACTING COMPANY — शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६३९ — L.T. No.: 329855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1000 | ३७,१३० | | | | | | | |
| 3. | Scaffolder | 4 | 0 | | 1200 | ४४,५५६ | | | | | | | |

२ कम्पनी: KHALED MANSOUR ABDUL MOHSEN AL OTAIBI HOLDING COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६३८ — L.T. No.: 329857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloding Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३ कम्पनी: PRECISION PROJECTS LIMITED — शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६३७ — L.T. No.: 329858

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४ कम्पनी: OWAYDHAH MOHAMMED AHMED AL-ESSA GENERAL CONTRACTING EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६३६ — L.T. No.: 329859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 49 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५ कम्पनी: OWAYDHAH MOHAMMED AHMED AL-ESSA GENERAL CONTRACTING EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६३५ — L.T. No.: 329856

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constructing Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क १,२,३ रु. १०,००० कामदारले क ४ र क ५ नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KANTIPUR MANPOWER SERVICE PVT.LTD.
काठमाडौं-३, सामाखुसी, फोन नं.:०१–४९७९७७७, ४९७९५५५, ४९७९६६६
Email: info@kantipurmanpower.com, Website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

## कुवेतमा रोजगार

कम्पनी: THE BRIDGE GEN.TRADE.& CONT.CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०६/२३ — चलानी नं.: ६०२०८९६८ — LT. No.: 293854 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ५०,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 110 | ५०,१३६ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 195 | ८८,८७९ | | | | | | | |
| 4. | Helper | 9 | 0 | | 90 | ४१,०२१ | | | | | | | |
| 5. | Labour | 11 | 0 | | 90 | ४१,०२१ | | | | | | | |
| 6. | Painter | 5 | 0 | | 110 | ५०,१३६ | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 120 | ५४,६९४ | | | | | | | |
| 8. | Technician | 9 | 0 | | 130 | ५९,२५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu, Phone : 014579390, 4579391 |
9823463896 (Whatsapp), 9701779602, 9709184518, 9863197435, E-mail : ajeetsmanpowernepal@gmail.com
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०

## साउदी र यूएईमा रोजगार

कम्पनी: SAME TIME TECHNICAL ALLIANCE GENERAL CONTRACTING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६५२ — LT. No.:329749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: DOUGLAS OHI - L.L.C - O.P.C — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०९/०८ — चलानी नं.: ६०२३०१२७ — LT. No.:315863 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 1 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
